# नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण
## उच्चस्तरीय समन्वय समिति

बैठक संख्या : १९

मिति : २०७७।०१।०३ गते वुधबार

समय : अपरान्ह २:०० बजे

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/११/१८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित **"नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति"** को बैठक देहायका माननीय मन्त्रीज्यू तथा उच्च पदाधिकारीहरुको उपस्थितिमा बसी देहायबमोजिम निर्णयहरु गरियो।

उपस्थिति:

१. माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल — संयोजक

२. माननीय गृहमन्त्री श्री रामबहादुर थापा — सदस्य

३. माननीय परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली — सदस्य

४. माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल — सदस्य

५. माननीय कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल — सदस्य

६. माननीय स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल — सदस्य

७. माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट — सदस्य

८. माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई — सदस्य

९. माननीय अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा — सदस्य

१०. माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग, प्रा.डा.पुष्पराज कँडेल — सदस्य

११. मुख्य सचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकार — सदस्य

१२. सचिव श्री नारायणप्रसाद विडारी, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय — सदस्य सचिव

विशेष आमन्त्रित:

माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री, श्री हृदयेश त्रिपाठी

माननीय युवा तथा खेलकुदमन्त्री, श्री जगतबहादुर सुनार (विश्वकर्मा)

माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री, श्री पार्वत गुरुङ

माननीय कानून, न्याय तथा संसदीय मामिलामन्त्री, डा. शिवमाया तुम्बाहाङफे

आज मिति २०७७ वैशाख ३ गते माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा बसेको "नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" को १९ औं वैठकमा देहाय बमोजिम निर्णय गरियो-

१. कोभिड-१९ संक्रमणको बढ्दो प्रभावलाई दृष्टिगत गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहमा रहेका सरकारी तथा नीजि चिकित्सकहरुलाई समेत परिचालन गरी सघन एवं प्रभावकारीरुपमा RDT एवं PCR Test को कार्यलाई अघि बढाउने ।

२. वीरगंजमा अवस्थित नारायणी उपक्षेत्रीय अस्पताललाई कोरोना डेडिकेटेड अस्पतालको रुपमा रुपान्तरण गर्न उपकरण तथा आवश्यक सामग्रीको व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने ।

३. कोभिड-१९ रोगको रोकथाम तथा नियन्त्रणको कार्यलाई प्रभावकारी रुपमा अघि बढाउन सघन रुपमा PCR Test गर्नुपर्ने भएकाले त्रिभुवन विश्व विद्यालय कीर्तिपुरमा रहेको PCR मेसिन प्रदेश नं. २ लाई संक्रमणको अवधिभरको लागि उपयोग गर्न तुरुन्त उपलब्ध गराउने व्यवस्था शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिलाउने ।

४. कोरोना संक्रमण तथा उपचारको कार्यमा प्रत्यक्ष रुपमा संलग्न हुने स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुबाट "कोरोना भाइरस संक्रमण, रोकथाम नियन्त्रण तथा उपचार कोष"मा रकम योगदान गर्ने सम्बन्धी कार्य उल्लेखित कर्मचारीहरुको लागि स्वेच्छिक रहने गरी व्यवस्था गर्न सम्बन्धित निकायहरुलाई निर्देशन दिने।

५. कोभिड-१९ संक्रमणको अवधिमा साविकदेखि स्थगन गरिएका राष्ट्रिय व्यवसायिक हवाई उडानहरुलाई आगामी ३० अप्रिल २०२० सम्मको लागि स्थगन गर्ने ।

६. कोरोना संक्रमण जोखिम न्यूनीकरण गर्न यसै उच्चस्तरीय समन्वय समितिको मिति २०७६ चैत २० मा वसेको १६ औं वैठकवाट भएको निर्णय वमोजिमका प्रावधानहरुको पूर्ण पालना हुने सुनिश्चितता गरी अत्यावश्यक दैनिक उपभोग्य वस्तुको उत्पादन गर्ने, कृषि व्यवसाय, उद्योग व्यवसाय र निर्माण व्यवसायका लागि आवश्यक पर्ने कच्चापदार्थहरुको नियमित आपूर्ति गर्न, व्यवसाय संचालन गर्न र उत्पादित वस्तुको वजार सम्मको ढुवानी गर्न सहज हुने गरी गृह प्रशासनले आवश्यक व्यवस्था मिलाउने। तर उल्लेखित शर्त मापदण्ड पालना नगर्ने कृषि व्यवसाय, विकास तथा निर्माण व्यवसाय र उद्योग व्यवसायहरुलाई कच्चा पदार्थको ढुवानी, व्यवसायको संचालन र बजारीकरणमा प्रहरी प्रशासनले कडा निगरानी गरी रोक लगाउने ।

७. कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण र उपचारको सम्बन्धमा युवा, खेलाडी तथा राहत वितरण स्वयंसेवकहरुको व्यवस्थापन तथा परिचालनका लागि योजना वनाउने, कार्यान्वयनका लागि समन्वय गर्ने सम्बन्धमा माननीय युवा तथा खेलकुदमन्त्रीज्यूवाट, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुको वारेमा सुधार र संवोधन गर्न आवश्यक कार्ययोजना वनाउने तथा संघ संस्था परिचालन गर्ने सम्बन्धमा माननीय महिला, बालबालिका तथा ज्येष्ठ

०।२०६६।१।२

सचिव

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री

नागरिकमन्त्रीज्यूवाट र संसदमा रहेका विभिन्न राजनीतिक दलहरुसंग समन्वय गर्ने सम्बन्धमा माननीय कानून, न्याय तथा संसदीय मामिलामन्त्रीज्यूवाट वैठकमा कार्ययोजना तथा प्रतिवेदनहरु प्रस्तुत भयो। सम्बन्धित माननीय मन्त्रीज्यूहरुवाट प्रस्तुत उल्लिखित कार्ययोजना तथा प्रतिवेदनहरुमा आवश्यक परिमार्जन सहित पारित गरियो।

८. कोभिड-१९ महामारीको कारण वैदेशिक रोजगारीमा परेको प्रत्यक्ष असरले मुलुकको अर्थतन्त्रमा पर्न गएको असर र प्रभावको अध्ययन गरी सुधारका लागि राय सुझाव सहितको प्रतिवेदन पेश गर्न माननीय सदस्य, राष्ट्रिय योजना आयोग (श्रम तथा रोजगार क्षेत्र हेर्ने)को संयोजकत्वमा, अर्थ मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका एक-एक जना राजपत्रांकित प्रथम श्रेणीका अधिकृतहरु सदस्य रहने गरी एक कार्यदल गठन गर्ने ।

९. असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी (नमुना) मापदण्ड, २०७६ र कोरोना महामारी (COVID-19) रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वयंसेवक परिचालन सम्बन्धी मार्गदर्शन, २०७६ (प्रस्तावित) दस्तावेजहरुलाई सम्बन्धित मन्त्रालयहरुले आवश्यक परिमार्जन गरी आगामी वैठकमा पेश गर्ने ।

२०७६।१२।१२

सचिव

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री